bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY
वर्ष ४१ अंक २१३ २०७९ पुस ०५ गते मंगलबार, नेपाल सम्वत् ११४३ December 20, 2022 पृष्ठ ४ मूल्य : रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com

## जिउने साहारा बन्यो अटो रेक्सा

भञ्ज्याङ समाचारदाता/तनहुँ

रामकुमारी मजकोटीको जिउने साहारा अटो रेक्सा बनेको छ । ४५ वर्षीया रामकुमारीले अटो रेक्सा चलाएर भएको आम्दानीबाट घरव्यवहार चलाउन थालेकी छन्। दुई छोरीकी आमा रामकुमारीको बैवाहिक जीवन विग्रिएपछि अहिले उनको साहारा अटो रेक्सा बनेको छ। बिहान ८ बजे घरबाट अटो लिएर बजार निस्कने रामकुमारी सूर्फ ७ बजेपछि मात्र फर्कने गरेकी छन् ।

२०५४ सालदेखि सिलाई कटाईको काम गर्दै आएकी रामकुमारी करिव एक महिनादेखि दमौली आसपासका क्षेत्रमा अटो चलाउदै आएकी छन् । प्रायः पुरुषहरूले मात्र अटो रेक्सा चलाउने गरेपनि उनले महिलाले पनि यो काम गर्न सक्छन् भन्ने आँट गरी यो क्षेत्रमा हात हालेकी हुन् ।

सिलाई कटाई व्यवसायीबाट गुजारा नचलेपछि उनले अटो चलाउन सिकेकी हुन् । उनको स्वास्थ्यमा आएको समस्यले पनि सिलाई कटाई व्यवसायलाई अगाडि बढाउन सकिनन् । खुट्टामा आएको समस्य कारण मेशिन चलाउन नसक्दा हातमुख जोर्ने समस्य देखियो त्यसको बिकल्पमा यो क्षेत्रमा हात हाल्न आइपुगेको रामकुमारी बताउँछिन् ।

'श्रीमानसंग पनि सम्बन्धबिच्छेद भएपछि घरखर्च चलाउन निकै समस्य पऱ्यो' उनले भनिन्, 'दुई छोरीमध्ये कान्छि छोरी आफैसंग रहेको र उनको पढाई र घरव्यवहार चलाउन म अहिले हरेक दिन करिव १२ घण्टा पुरुष चालकहरूसंग प्रतिस्पर्धा गर्दै अटो चलाउन गर्छु ।'

'महिलालाई काम गर्न जतापनि गाऱ्हो हुने रहेछ', उनले भनिन्, 'म अटो चलाएर हिड्दा मानिसहरू मलाई औलाले देखाउछन्, सायद महिलाले गाडी चलायो भनेर होला। यात्रुहरूले पनि महिला भन्दा पुरुष चालकलाई नै बढि विश्वास गरेको पाए ।'

'भाँडा दिने समयमा पनि महिला भनेर कम भाँडा दिन खोजछन्' उनले भनिन्, 'मनाग्य आम्दानी त भएको छैन तर के खाम र के गरम भन्ने पनि भएको छैन । दिनमा राम्रै यात्रु भेटियो भने १ हजार ५ सयदेखि २ हजार रुपैयाँ सम्म बचत गर्न गरेको छु।'


तनहुंको व्यास नगरपालिकास्थित दमौलीमा यात्रु कुर्दै अटो चालक श्रीधरा थापा मगर । तस्विरः भञ्ज्याङ

जिल्लाको व्यास नगरपालिका-१ भादगाउँकी ३१ वर्षीया श्रीधरा थापा मगरले पनि करिव ३ महिनादेखि अटो चलाउदै आएकी छन् । पहिला सिलाई कटाई गर्दै आएकी उनी सिलाई कटाईबाट सोचेजस्तो आम्दानी नभएपछि अटो चलाउन सुरु गरेकी हुन् ।

श्रीधरा जिल्लाकै पहिलो महिला अटोचालक हुन् । उनकै सिको गरेर रामकुमारी पनि अटो रेक्सा चालक बनेकी हुन् । अन्य पुरुष अटो चालक माझ आएर अटो चलाउन कठिन रहेको श्रीधराले बताइन् । उनका श्रीमान नेपाल आर्मीबाट सेवा निवृत्त भएपछि काठमाडौंस्थित एक होटलमा सेकुरेटरीको काम गर्छन् । श्रीमानलाई आर्थिक रूपमा पनि सहयोग गर्नका लागि आटो चलाउन सुरु गरेको बताउने उनी भन्छिन्, 'सुरु सुरुमा अटो चलाएर हिड्न लाज लाग्थ्यो । अझ यात्रुहरु अटो महिलाले चलाउने भन्ने थाहा पाएपछि चढ्न अप्ठ्यारो मान्दा मलाई नमझा लाग्थ्यो।'

'मैले अटो चलाएर हिड्दा मानिसहरू आफुले गरिरहेको काम छाडेर मलाई फर्की फर्की हेर्ने गर्दथे, अरूलाई पनि बोलाएर देखाउने गर्दथे', उनले भनिन्, 'अटो चलाउछु भनेर अटो सिक्न हिड्दा छरछिमेकले छोरीमान्छे भएर गाडी चलाउने ? सबै पुरुषहरू मात्रै छन्, त एक्लै के गर्छस् भन्थे। तर, अहिले सबै परिवर्तन भएको छ । मसंग यात्रा गर्न कोही पनि डराउदैन र पहिले कुरा काट्नेहरू पनि अहिले तिमीले राम्रो काम गरेकी छौ । हामी महिलाले पनि पुरुष सरह काम गर्न सक्छौं । समाजमा तिमी राम्रो उदाहरण बनेकी छौं भन्दा खुसी लाग्छ ।'

उनी बिहान ८ बजेदेखि बेलुकीको ७ बजेसम्म राजमार्गको छेउछाउमा अटो चलाउछिन् । कहिलेकही फोन आउँदा बिहानको ६/७ बजेपनि अटो लिएर निस्कने उनले बताइन्। श्रीधराले भनिन्, 'बेलुका भने म त्यती जान्न । मलाई फोन आयो

बाँकी तेश्रो पेजमा

## व्यासमा श्रम तथा रोजगार शाखा स्थापना गरिंदै

रासस/डुम्रे

तनहुँको व्यास नगरपालिकाले श्रम तथा रोजगार शाखा स्थापना गर्ने भएको छ । नगरपालिकाले पहिलोपटक वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई लक्षित गरी शाखा विस्तार गर्ने तयारी गरेको छ ।

आप्रवासन अवसर र चुनौती दुवै रहेकाले नीतिद्वारा आप्रवासनको सुरक्षा गर्ने उद्देश्यले शाखा स्थापना गरी सहयोग पुऱ्याउन लागिएको हो । वैदेशिक रोजगारीमा जाने नेपालका जिल्लामध्ये १८औँ नम्बरमा तनहुँ पर्दछ । व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस २०२२ को अवसरमा आइतबार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिसँगको अन्तरक्रिया कार्यक्रममा व्यासमा श्रम र रोजगारसम्बन्धी शाखा स्थापना गरिने जानकारी दिनुभयो । आगामी नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याउने गरी तयारी भएको उहाँले बताउनुभयो ।

"अब हुने नगरसभाबाट पारित गरी व्यास नगरपालिकामा श्रम तथा रोजगार शाखा स्थापना गरिनेछ । वैदेशिक रोजगारसम्बन्धी जोडिएका श्रम र रोजगारसँग सम्बन्धित रिटर्नीको समस्या, उनीलाई स्वरोजगारसँग जोडी आत्मनिर्भर र उद्यमशील बनाउने काम सोही शाखाले गर्नेछ", उहाँले भन्नुभयो । युवालाई उद्यमशील बनाउन यस आर्थिक वर्षमा नगरपालिकाले रू ५० लाख विनियोजन गरेको उहाँले बताउनुभयो । सामी कार्यक्रम प्रभावकारी र उपयोगी भएको जनाउँदै उहाँले यसलाई अझ विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

'वैदेशिक रोजगारीबाट प्राप्त सीप, पुँजी र ज्ञान उद्यमशीलता, रोजगारी र राष्ट्रिय स्वाभिमान' भन्ने नाराका साथ व्यास नगरपालिकाद्वारा आयोजित उक्त अन्तर्क्रियामा व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले सीप नसिकी कोही पनि वैदेशिक रोजगारीमा जान नहुने बताउनुभयो । "सीप नसिकी, दक्षता हासिल नगरी, नबुझी विदेश जाने दाजुभाइले धेरै दुःख पाउनुभएको छ", उहाँले भन्नुभयो, "त्यसैले सीप सिकी दक्ष बनी विदेश जानुपर्दछ।"

सामी कार्यक्रमका गण्डकी प्रदेश संयोजक शैलेन्द्र मिश्रले वित्तीय व्यवस्थापन, सम्बन्धित देशको भाषा, मौसम तथा कानुनजस्ता विषयमा जानकारी, सही र भरपर्दो रोजगार व्यवसायीको छनोट, स्वास्थ्यसम्बन्धी सचेतना र पारिवारिक व्यवस्थापन गर्न आवश्यक रहेको बताउनुभयो ।

**तनहुँका नौ सम्पर्कविहीन**

वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएर लामो समयसम्म घरपरिवारसँग सम्पर्कमा नआउने गरेका छन् । घरपरिवारसँग धेरै वर्षसम्म सम्पर्कमा नआएका जिल्लाका नौ रहेको आप्रवासी कामदार हकहित संरक्षण केन्द्र तनहुँका अध्यक्ष दीपेन्द्र खनालले जानकारी दिनुभयो। वैदेशिक रोजगारीको

बाँकी तेश्रो पेजमा

## नयाँ राजनीतिक दल संघीय संसद् सचिवालयको सम्पर्कमा आउन थाले

रासस/काठमाडौं

प्रतिनिधिसभाको निर्वाचनमार्फत उदाएका नयाँ राजनीतिक दल संघीय संसद् सचिवालयको सम्पर्कमा आउने क्रम सुरु भएको छ । सचिवालयका अनुसार




राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दलले सम्पर्क गरेका हुन् । आइतबार ती राजनीतिक दलले संसदीय प्रक्रियाका बारेमा जानकारी लिएका सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले बताउनुभयो ।

उहाँका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि आएर संसदीय प्रक्रिया र आफूहरू रहने कार्यालयका बारेमा जानकारी लिएका हुन् । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भएपछि ती दलले आइबार सम्पर्क गरेका थिए । उक्त निर्वाचनमा नेपाली कांग्रेस पहिलो दलका रूपमा स्थापित भएको छ। प्रत्यक्षमा कूल ५७ स्थानमा विजयी भएको उक्त दलले समानुपातिक निर्वाचन प्रणालीमा ३२ सिट पाएको छ । यस आधारमा कांग्रेस ८९ सिटसहित पहिलो बनेको हो ।

प्रत्यक्षमा ४४ स्थानमा विजयी भएको नेकपा(एमाले)ले समानुपातिकमा ३४ स्थान पाएको छ । यस आधारमा सो दलको कूल सिट संख्या ७८ भएको छ । तेस्रो स्थानमा रहेको नेकपा (माओवादी केन्द्र)ले प्रत्यक्षतर्फ १८ स्थानमा विजयी भएकामा समानुपातिकतर्फ १४ गरी कूल ३२ सिट पाएको छ ।

पहिलो पटक संसदीय निर्वाचनमा भाग लिएको राष्ट्रिय वतन्त्र पार्टी प्रत्यक्षतर्फ सात स्थान र समानुपातिकतर्फ १३ सिट गरी कूल २० स्थानसहित चौथो स्थानमा रहेको छ । नेकपा (एकीकृत समाजवादी)ले प्रत्यक्षतर्फ कूल १० स्थानमा जित निकाले पनि समानुपातिकतर्फ निर्धारित मत सीमा पूरा गर्न नसक्दा कुनै पनि स्थान पाएन । कानुनअनुसार कूल सदर मतको तीन प्रतिशत बराबरको मत सीमा पूरा नगर्दा सो दलले समानुपातिकतर्फ कुनै पनि सिट नपाएको हो ।

राप्रपाले प्रत्यक्षतर्फ सात र समानुपातिकतर्फ सात गरी कूल १४ सिट पाएको छ । जनता समाजवादी पार्टीले प्रत्यक्षतर्फ सात र समानुपातिकतर्फ पाँच गरी कूल १२ सिट पाएको छ । संसद्मा पहिलो पटक प्रवेश गर्न लागेको जनमत पार्टीले प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ पाँच गरी कूल छ सिट प्राप्त गरेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टीले चार स्थानमा आफूलाई सुरक्षित गरेको छ । नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले समान एक/एक स्थानमा जित निकालेका थिए । यस आधारमा १२ राजनीतिक दलको संसद्मा प्रतिनिधित्व रहने भएको छ । त्यस्तै पाँच स्थानमा स्वतन्त्र उम्मेदवार विजयी भएका थिए ।

निर्वाचन आयोगले कूल दुई सय ७५ सदस्यीय प्रतिनिधिसभाको निर्वाचन परिणाम समेटिएको प्रतिवेदन राष्ट्रपति विद्यादेवी

बाँकी तेश्रो पेजमा

## प्रतिनिधिसभा सदस्यको शपथ बिहीबार हुने

रासस/काठमाडौं

प्रतिनिधिसभामा नयाँ निर्वाचित सदस्यको शपथ यही पुस ७ गते बिहीबार हुने भएको छ । संघीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमका अनुसार सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा यही पुस ७ गते बिहीबार दिनको १ बजे प्रतिनिधिसभा सदस्यको शपथ ग्रहण हुनेछ ।

नेपालको संविधानको धारा ८८ बमोजिम संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था छ ।

सभामुख चयन हुनुअघि ज्येष्ठ सदस्यले प्रतिनिधिसभा सदस्यलाई शपथ खुवाउने व्यवस्था छ । ज्येष्ठ सदस्यलाई राष्ट्रपतिले शपथ ग्रहण गराएपछि अन्य सदस्यलाई शपथ गराउनेछन् । शपथ ग्रहणका लागि निर्वाचन आयोगबाट प्राप्त प्रतिनिधिसभा सदस्य पदको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रतिसहित उपस्थित हुन संघीय संसद् सचिवालयले आग्रह गरेको छ । राष्ट्रिय पोशाक वा आआफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थित भइदिनसमेत सचिवालयले आग्रह गरेको छ ।

प्रतिनिधिसभाका कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले शपथको व्योहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रतिसहित संघीय संसद् सचिवालयमा उपलब्ध गराउन आग्रह गरिएको छ ।

www.bhanjyangnews.com
सम्पर्क : ०६५-५६३९०७

# सम्पादकीय .........

www.bhanjyangnews.com

## सम्पदाको महत्व

पछिल्ला समय हाम्रा ऐतिहासिक महत्व बोकेका सम्पादाहरू नासिदै गएका छन्। सरोकारवाला निकायले यथोचित ध्यान पुऱ्याउन नसक्दा हाम्रा बहुमूल्य सम्पदा खासिने र खण्डहरू बन्दै गएका छन् । यस्तै एउटा सम्पदा घाँसीकुवा पनि हो। भाषिक एकिकरणमा महत्वपूर्ण योग्दान दिएका आदिकवि भानुभक्त आचार्यको प्रेरणाका स्रोत घाँसीलाई लिइन्छ । घाँसीकै कारण भानुभक्तले संस्कृतमा लेखिएको रामयणलाई नेपाली भाषामा अनुवाद गरेका थिए । गीता/नेपाली काव्यक्षेत्रको गुरुग्रन्थ जस्ता पदवी भानुभक्तलाई प्रदान गर्ने पनि गरिन्छ । नेपाली तब जगाउने, जातीय भेदभाव मेटाउने, भाषिक संकीर्णता हटाएर नेपाली भाषालाई सशक्त राष्ट्र भाषाका रुपमा दरो पार्ने काम भानुभक्तले गरे। नेपाली भाषालाई निक्खार र भावमय रुप दिने यिनै पहिला कवि हुन् । आधुनिक भाषा तथा साहित्यका एउटा महान् जातीय कवि भानुभक्तलाई लिइन्छ । विविध वर्गका मानिसलाई मिलाउने एकताको मूलभाषा तथा संस्कृति प्रदान गरेर भानुभक्तले नेपाली मात्रको अनुपम सेवा गरेका छन् । यीनै भानुभक्तको जन्मस्थल तनहुँको भानु नगरपालिका स्थित चुँदीरम्घा अहिले पनि अलपत्र अवस्थामै छ । यति मात्र होइन भानुभक्तका प्रेरणाका श्रोतका रूपमा हेरिने घाँसीको स्मरण दिन घाँसीकुवाको अस्तित्व नासिने खतरामा पुगेको छ । भानुभक्त आचार्यलाई आदिकवि बनाउने प्रेरणास्थल घाँसी कुवाको अस्तित्व जोखिममा परेको छ । पृथ्वीराजमार्गको मुग्लिन–पोखरा सडकखण्ड विस्तार कार्य अगाडि बढेसंगै पृथ्वीराजमार्गसंगै रहेको घाँसीकुवा संकटमा परेको छ । सडक विस्तारको क्रममा रूखहरू काट्ने काम शुरू भइसकेकाले कुवाको अस्तित्व मासिने भनेर स्थानीय वासिन्दा चितिन्त बन्न थालेका छन् । सडक विस्तार गर्दा हाल घाँसी कुवामा रहेको भानु–घाँसी स्मारक पार्क पनि हटाउनु पर्ने सरोकारवालाको भनाई छ । व्यास नगरपालिका–१२ को वडा कार्यालय घाँसी कुवा र पार्क जसरी पनि बचाउनु पर्ने भन्दै आएको छ । पृथ्वीराजमार्ग फराकिलो बनाउने क्रममा कुवापट्टि विस्तार गर्ने ठाउँको सट्टा कुवाको विपरित रहेको स्थानलाई मात्रै फराकिलो बनाउनु पर्ने वडा कार्यालयका माग छ । बुल्दी खोला किनारको भागलाई उठाएर भएपनि कुवालाई संरक्षण गर्नुपर्ने माग पनि छ ।

भानुभक्त मामाघर मानहुँ पुगेर पैदल बाटो फकिर्ने क्रममा घाँसी कुवामा नै घाँसीसँग भेट भएको भनाई छ । घाँसी कुवा व्यास नगरपालिका–१२ मा पर्छ। सदरमुकाम दमौलीबाट पूर्वतर्फ करिब पाँच किलोमिटरको दूरीमा घाँसी कुवा अवस्थित छ । घाँसीले घाँस काटेर भएको आम्दानीबाट कुवा खनाउने कुरा भनेपछि त्यसबाट भानुले प्रेरणा लिएका थिए भनिन्छ । घाँस काटेरै कुवा बनाउने प्रेरणाबाट भानुभक्तले रामायणलाई नेपाली भाषामा अनुवाद गरी नेपाली भाषाको विस्तार गरेको जानकारहरू बताउँछन् । कुवाको पारीपट्टी पोल्याङ गाउँमा बस्ने पन्थ थरका ब्रामणको बस्ती रहेको र कुवा नजिकको बस्ती भएकाले पन्थ नै घाँसी भएको भानु घाँसी स्मारक पार्क संरक्षण समितिले बताउँदै आएको छ । सवारीसाधनको चाप बढेको पृथ्वीराजमार्ग विस्तार गर्नुपर्ने भए पनि घाँसी कुवाको संरक्षण गरेर विस्तार गर्नुपर्ने स्थानीयहरूले माग गर्दै आएका छन् । घाँसीकुवा क्षेत्र एउटा इतिहास हो । यो इतिहास मेटाउनु पक्कै पनि लाभदायिक नहोला । घाँसी कुवा रहेकोभन्दा दुई सय मिटर पर उत्तरतिर करिव एक सय रोपनी सार्वजानिक जग्गामा स्थानीय वासिन्दाले भानु–घाँसी पार्क बनाउन दिने निर्णय समेत गरेका छन्। कुवा नरहेमा भानुभक्तको पहिचानमा असर पर्ने स्थानीयले बताउँदै आएका छन् । पृथ्वीराजमार्ग अन्तर्गतको पोखरा–मुग्लिन सडकलाई तीन चरणमा विस्तार गर्ने काम भइरहेको छ । चार लेनको सडक विस्तारका क्रममा घाँसीकुवाको अस्तित्व पनि मेटिन सक्ने अवस्था छ । यस क्षेत्रको महत्व र इतिहासलाई संरक्षण गर्नु हामी सबैको दायित्व पनि हो । विकासले विनास पनि निम्त्याउँछ । तर, विकाससंगै हाम्रो ऐतिहासिक धरोहरहरूको संरक्षण र सम्वर्द्धन पनि गर्न आवश्यक छ । इतिहासनै मेटियो भने भोलीका हाम्रा सन्ततीलाई के दिने ? विकास पनि होस र इतिहासको संरक्षण पनि होस । यस तर्फ सरोकारवाला निकाय बेलैमा सचेत र जागरूक बन्न आवश्यक छ ।






### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# कौडीमा बिक्री हुन्छन् कर्णालीका जडीबुटी

♦ सुरेश आचार्य

जडीबुटीको प्रचूर सम्भावना बोकेको कर्णाली प्रदेश त्यसको उपयोग गर्न नसक्दा विकासको हरेक दृष्टिबाट पछाडि धकेलिएको छ । जडीबुटी खेती प्रवर्द्धन गरेर कर्णालीमा उत्पादित जडीबुटीलाई व्यवस्थितरूपमा बिक्रीवितरण गर्ने हो भने पनि जडीबुटीबाटै कर्णालीको आर्थिक समृद्धि सम्भव रहेको विभिन्न अध्ययनबाट प्रष्ट हुन्छ ।

अनेकौँ किसिमका जडीबुटी उत्पादन हुने यो प्रदेश जडीबुटीको राजधानीका रूपमा चिनिन्छ । सरकारले कर्णालीलाई जडीबुटीको क्षेत्र भनेर केही वर्षअघि नै घोषणा गरिसकेको भए पनि त्यसको उपयोग गर्नेतर्फ ठोस काम हुन सकेको छैन । यद्यपि, जडीबुटीको पकेट क्षेत्र पहिचान, स्थायी नर्सरी निर्माण, जडीबुटी प्रजातिको प्राथमिकीकरण, जडीबुटी बिरूवा उत्पादन तथा खेती विस्तार गर्ने काम पनि भएका छन् । वन विकास गुरूयोजनामा पनि आर्थिक समृद्धिका लागि जडीबुटीको प्रवर्द्धन गर्ने उल्लेख छ ।

**विश्व बजारमा नेपाली जडीबुटीको प्रचारप्रसारसागै माग पनि बढेको छ । तर माग अनुसार निर्यात हुन सकेको छैन । अझै पनि माग बढ्न सक्ने सम्भवना छ । कोभिडपछि अझै जडीबुटीको महत्व बढेको छ । कतिले रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि जडीबुटीको प्रयोग गर्न थालेपछि जडीबुटीको निर्यात बढाएको जडीबुटी व्यवसायीहरु बताउँछन् ।**

नेपालमा हाल सात सय प्रजातिका जडीबुटी औषधिका रूपमा प्रयोग हुँदै आएका छन्। वनस्पति विभागले सात हजार किसिमका फूल फुल्ने वनस्पतिमध्ये ७०० प्रजातिका वनस्पति जडीबुटी औषधिका रूपमा प्रयोग हुँदै आएको बताएको छ । विभागका अनुसार औषधिका रूपमा प्रयोग हुने जडीबुटीमध्ये सबैभन्दा बढी कर्णाली क्षेत्रमा जडीबुटी उत्पादन हुने गरेका छन् ।

वनस्पति विज्ञहरूका अनुसार कर्णालीमा हावापानी तथा जलवायु राम्रो र मानवीय चाप कम भएकाले धेरैमात्रामा जडीबुटी उत्पादन हुने गरेका छन् । यहाँबाट ७९ प्रकारका जडीबुटी निर्यात गरिन्छ । कर्णालीमा १४७ जातको जडीबुटी पाइने अनुमान गरिए पनि प्रशोधन भण्डारणका लागि नेपालगञ्ज लैजानुपर्ने बाध्यता छ ।

### कच्चा पदार्थका रूपमा जडीबुटी विदेश निर्यात

यहाँका अधिकांश जडीबुटी बाह्य देशमा निर्यात हुँदै आएको छ । सरकारी तथ्याङ्कअनुसार वार्षिक रूपमा करिब १२ हजार मेट्रिक टन जडीबुटी कर्णालीबाट निर्यात हुँदै आएको छ । ती सबै जडीबुटी प्रशोधनबिना नै कच्चापदार्थका रूपमा निर्यात हुने गरेको कर्णाली प्रदेश वन निर्देशनालयले जनाएको छ ।

कर्णालीले आर्थिक वर्ष २०७८/७९ मा जडीबुटीतर्फ कूल रू तीन करोड ३६ लाख नौ हजार ५८८ राजस्व सङ्कलन गरेको प्रदेश वन निर्देशनालयका निर्देशक गोविन्दप्रसाद दाहाल बताउनुहुन्छ । कच्चापदार्थका रूपमा मात्र बहुमूल्य जडीबुटी प्रदेशबाट बाहिर निर्यात हुँदा यसबाट जति लाभ लिन सक्नुपर्ने हो त्यसको निकै थारै मात्र प्राप्त भएको उहाँको भनाइ छ ।

प्रदेशमै कच्चापदार्थको प्रशोधन गरी तयारी सामग्री अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी मूल्यमा मात्र निर्यात गर्नसके आम्दानीको थप स्रोतसमेत प्राप्त हुन सक्दछ । वीरेन्द्रनगरमा सुगन्धित तेल उत्पादन गर्ने उद्देश्यले स्थापना भएको उद्योग 'बायो–कर्णाली एरोमा'ले खेर गएको जडीबुटीको उपयोग गरी राम्रो आम्दानी गर्न सकेको उदाहरणबाट पनि यो तथ्य पुष्टि गर्दछ ।

कर्णालीमा उपलब्ध जडीबुटीको पात, काण्ड तथा जरालाई वास्पीकरण विधिबाट तेल उत्पादन गरी उद्योगले युरोपको बजारमा निर्यातसमेत सुरू गरिएको छ । यस उद्योगले उत्पादन गरेका १५ मिलिलिटर झोल भएको सुगन्धित तेल अहिले स्पेन र जापानमा निर्यात हुने गरेको छ । ती सुगन्धित तेललाई डिब्बामा प्याकेजिङ गरिएको छ । 'लेमन ग्रास, युकलिप्टस र क्याम्फर' नाम गरेका फरकफरक चार वटा उत्पादनलाई बजार परीक्षणका लागि स्पेन र जापान पठाइएको उद्योगका सञ्चालक राजेन्द्र विष्टले जानकारी दिनुभयो ।

"प्रत्येक उत्पादन करिब ६० वटाजति हामीले बाहिर पठाएका छौँ, यी सामग्रीका बारेमा राम्रै प्रतिक्रिया पाएका छौँ", उहाँले भन्नुभयो, "अब भने धेरैमात्रामा यसको उत्पादन हुन्छ होला ।"

यी उत्पादनलाई सौन्दर्य, सुगन्ध चिकित्सा, स्वच्छ–सरसफाइका क्षेत्रमा प्रयोग गर्न सकिने विष्टले जानकारी दिनुभयो । सामान्य आँखाले हेर्नुपर्दा यी उत्पादनहरू अन्य तरल पदार्थसँग मिश्रण गरी प्रयोग गर्ने हो । खासगरी युरोपको बजारमा योग उपचारलगायतका क्षेत्रमा यस्ता अर्गानिक उत्पादनको माग बढी हुने विष्ट बताउनुहुन्छ। जडीबुटीको प्रयोगले धूप, छालामा लगाउने 'क्रिम' लगायतका क्षेत्रमा उद्योगले अन्य उत्पादन निर्माण प्रक्रियासमेत सुरू गरेको उहाँले जानकारी दिनुभयो ।

कच्चापदार्थ र नीतिगत असहजता वीरेन्द्रनगर नगरपालिका नै स्थायी ठेगाना रहेका उद्योग सञ्चालक विष्ट जैविक रसायनमा स्नातकोत्तर गरेका युवा हुनुहुन्छ। कोभिड–१९ संक्रमणकालीन समयमा बाहिरी जिल्ला र देशबाट आउनुअघि नै वीरेन्द्रनगरमा सेनिटाइजरलगायतको उत्पादन गर्नुभएको थियो । यसतर्फ स्वास्थ्य सरसफाइ सामाग्री उत्पादनका लागि उहाँको अर्को छुट्टै उद्योग सञ्चालनमै रहेको छ । कर्णालीबाट अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने उद्देश्यले उहाँले २०७९ वैशाखमा बायो कर्णाली एरोमा उद्योग सञ्चालनमा ल्याउनुभयो ।

आफ्नै प्रयोगशालामा परीक्षण गरी उहाँले 'भलेरियन, लेमन ग्रास, युकलिप्टस र क्याम्फर' नामक चार वटा सामग्री उत्पादन गर्दै आए पनि उद्योगलाई आवश्यक कच्चापदार्थ आयातको समस्या छ । "झन्झटिलो प्रक्रियाले उद्योगका लागि आवश्यक जडीबुटी ल्याउनै समस्या छ ।" विष्ट भन्नुहुन्छ, "कच्चापदार्थका लागि एक वर्ष पहिले वन कार्यालयमा निवेदन दिनुपर्छ ।"

उद्योगले चाहेका बेला कच्चापदार्थ ल्याउनै समस्या हुन्छ । कर्णालीमा व्यावसायिक जडीबुटी खेती सुरू भए पनि किसानले निर्वाधरूपमा आफ्ना उत्पादन बिक्री गर्नसक्ने अवस्था नहुँदा त्यसको प्रत्यक्ष असर उद्योगलाई परेको छ । उहाँले भन्नुभयो, "२५ केजी जडीबुटी ल्याउन त निकै गाह्रो छ । उद्योगमैत्री नीति छैन, सबै ठाउँमा कागजपत्र पेस गर्नुपर्छ, निकै झन्झट छ ।"

कर्णालीमा जडीबुटी परीक्षण प्रयोगशालाकोसमेत अभाव छ । अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने उत्पादनका लागि प्रयोगशाला परीक्षण आवश्यक छ । त्यसका लागि कर्णालीमा रहेको उद्योगले काठमाडौँ नै धाउनुपर्ने हुन्छ । यसले उत्पादन लागतसमेत बढ्न जाने र उत्पादित सामग्रीले अन्तर्राष्ट्रिय बजार मूल्यसँग प्रतिस्पर्धा गर्दा समस्या हुने उहाँ बताउनुहुन्छ ।

तेस्रो मुलुक निकासी गर्दा अपनाउनुपर्ने मापदण्ड पूरा गर्नै कठिन भएको उहाँको गुनासो छ । "जडीबुटी सङ्कलनदेखि प्याकेजिङ र भण्डार गर्दासम्मको प्रक्रियामा धेरै कुरामा अन्तर्राष्ट्रियरूपमा तोकिएको मापदण्ड पूरा गर्नुपर्ने हुन्छ", उद्योग सञ्चालक विष्टले भन्नुभयो ।

### कोभिडपछि बढ्यो जडीबुटीको महत्व

कर्णालीका गाउँगाउँ बस्ती बस्तीका कतिपय क्षेत्र जडीबुटी उत्पादनको प्रचूर सम्भावना बोकेका छन् । ग्रामीण भेगका कैयौँ खेतहरू बाँझा छन् । झाडी र बुट्यानले ढाकेका यहाँका भू–भागमा स्थानीय सरकारसँग समन्वय गरेर जडीबुटी खेती गर्नसके विश्वबजारमा मागअनुसार निर्यात बढाउन सकिने अवस्था रहेको जडीबुटी व्यवसायीहरू बताउनुहुन्छ ।

विश्व बजारमा नेपाली जडीबुटीको प्रचारप्रसारसँगै माग पनि बढेको छ । तर माग अनुसार निर्यात हुन सकेको छैन । अझै पनि माग बढ्न सक्ने सम्भवना छ । कोभिडपछि अझै जडीबुटीको महत्व बढेको छ । कतिले रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि जडीबुटीको प्रयोग गर्न थालेपछि जडीबुटीको निर्यात बढाएको जडीबुटी व्यवसायीहरू बताउँछन् । पछिल्लो समय युरोप, चीन, भारतलगायतका मुलुकमा औषधिजन्य नेपाली जडीबुटीको माग बढेको छ । अन्तर्राष्ट्रिय बजारमा स्वदेशी जडीबुटीको माग बढिरहेकाले आगामी दिनमा जडीबुटी निर्यातबाट मुलुकले आर्थिक समृद्धिमा फड्को मार्नसक्ने उद्योग सञ्चालक विष्टको दाबी छ । यसका लागि नीतिगत सुधारको खाँचो रहेको उहाँको भनाइ छ ।

जडीबुटी व्यवसायीका कोभिड–१९ पछि अझै जडीबुटीको महत्व बढेपछि माग पनि ह्वात्तै बढेको छ । माग बढेसँगै जटामसीलगायतको बजार मूल्य बढ्दै गएको छ । कर्णालीस्थित हुम्ला जुम्लाको हिमाली भेगमा जटामसीको उत्पादन बढी हुने गर्छ। रिट्ठा टिमुर, तेजपातजस्ता जडीबुटी कच्चापदार्थका रूपमा भारतमा बढी जाने गरेको छ । पछिल्लो समय टिमुरको माग तेस्रो मुलुकमा पनि बढिरहेको तथ्याङ्कले देखाउँछ । "जडीबुटीमा लगाइएको झन्झटलो प्रावधान हटाउन जरूरी छ", विष्टले थप्नुभयो, "सरकारले उत्पादन बढाउने नीति लिनसके निर्यात अझै बढ्न सक्छ ।"

जडीबुटी व्यवसायीले भने सरकारले नै जडीबुटी प्रवर्द्धनमा चासो नदेखाएकाले मागअनुसार विदेश निर्यात गर्न नसकिएको दाबी गरिरहेका छन् । विष्ट भन्नुहुन्छ, "अब बढ्दो मागअनुसार आपूर्ति गर्न उत्पादन बढाउनुपर्छ । भूगोलअनुसार उत्पादन हुने जडीबुटी पहिचान गरेर स्थानीय निकायले यसलाई प्रोत्साहन गर्नुपर्छ । हरेक स्थानीय तहले आफ्ना क्षेत्रमा उत्पादन हुने वा हावापानीअनुसार कस्ता किसिमको जडीबुटी उपयुक्त हुन्छ त्यो अनुसार उत्पादन गर्न सक्नुपर्छ ।"

**कर्णालीबाट कस्ता जडीबुटी निर्यात**

बाँकी अन्तिम पेजमा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
परिस्थितिसँग सम्झौता गर्नुपरे पनि गरेको कामले आशा भने जगाउनेछ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सहयोगीहरु पछि हट्नाले नयाँ योजना प्रारम्भ गर्न समस्या पर्नेछ। आँटेका काममा बाधा पुर्याउन सक्छ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द लिने अवसर जुट्नेछ । साथ दिनेहरु बढ्नेछन्।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
समर्पणले पनि स्वाभिमानमा दाग लाग्न सक्छ । लगनशीलताले मात्र लक्ष्यमा पुग्न सकिनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
अरूका लागि बुद्धि खर्चनुपर्ला। आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन् ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
दिगो फाइदा हुने काम प्रारम्भ होला । साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
रोकिएका काम दोहोर्याउनुपर्ला। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सुझबुझका साथ काम लिन नसक्दा पछि परिएला । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्नेछ ।

## भिमाद बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भिमाद-६ रत्नचोक तनहुँ
फोन ०६५-५७२०४५

### ऋण भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सुचना

प्रकाशित मिति :२०७९/०९/०५

यस भिमाद बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण लिने ऋणीहरुले समय समयमा बुझाउनु पर्ने सामा ब्याज र थप ब्याज आदि तिर्न बुझाउनको लागि पटक पटक भेटघाट र फोन मार्फत मौखीक र लिखित पत्राचार एस.एम.एस. समेतबाट अनुरोध गरी तरताकेता गर्दा समेत संस्थाको अनुरोधलाई बेवास्था गरी रहनुभएकाले यहाँहरुका नाउमा ऋण भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखी ऋण सम्झौता बमोजिम संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पुर्ण बकयौता रकम चुक्ता गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन यस संस्थाको ऋण नीति र तपाईले यस संस्थासंग गरेको लिखित बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य ब्यवस्था गरी संस्थाको लेना रकम असुल गरिने जानकारी गराईन्छ । साथै धितोबाट मात्रै सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन तथा नियमावली, ऋण निति, प्रचलित ऐन कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित ऋण चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैमा यसै सुचनाद्धारा अनुरोध गरिन्छ ।

| नाम ठेगाना | फोटो | धितोको विवरण |
|---|---|---|
| **१. ऋणीको नाम ठेगाना**<br>नाम : भरत भण्डारी<br>ना.प्र.न. : १३८१६<br>जारी मिति : २०५२/०४/२८<br>बुबाको नाम : हेमलाल भण्डारी<br>बाजेको नाम : बामदेब भण्डारी<br>ठेगाना : तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ७ दैकेडाडा<br>**जमानतकर्ता**<br>नाम : कृष्णराज भण्डारी<br>ना.प्र.न. :१३७३<br>जारी मिति : २०४१/०१/१८<br>बाबुको नाम : हेमलाल भण्डारी<br>बाजेको नाम : बामदेब भण्डारी<br>ठेगाना : तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ६ बाग्टार | <br> | बामदेब भण्डारीको नाती हेमलाल भण्डारीको छोरा गण्डकी तनहुँ जिल्ला भिमाद गाबिस वार्ड नं.१ हाल गण्डकी प्रदेश तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ७ दैकेडाडा बस्ने श्री भरत भण्डारीको नाममा तनहुँ मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको भिमाद २/ग स्थित कि.नं. ८२६को क्षेत्रफल १-११-२-३ भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगतपात समेत । |
| **२. ऋणीको नाम ठेगाना**<br>नाम : गिता खनाल आचार्य<br>ना.प्र.न. : ६७४०७<br>जारी मिति : २०६०/०७/२१<br>बुबाको नाम : खेमराज खनाल<br>पतिको नाम : तारापती आचार्य<br>ससुराको नाम : रेशमलाल आचार्य<br>ठेगाना : तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ७ पेट्रोलपम्प<br>**जमानतकर्ता**<br>नाम : तारापती आचार्य<br>ना.प्र.न. : २९७३२<br>जारी मिति : २०५५/०२/२४<br>बुबाको नाम : रेशमलाल आचार्य<br>बाजेको नाम : दुर्गादत्त आचार्य<br>ठेगाना : तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ७ पेट्रोलपम्प | <br> | रेशमलाल आचार्यकी बुहारी तारापती आचार्यकी श्रीमती गण्डकी तनहुँ जिल्ला भिमाद गाबिस वार्ड नं. ४ हाल गण्डकी प्रदेश तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ७ पेट्रोलपम्प बस्ने श्री गिता खनाल आचार्य को नाममा तनहुँ मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको साबिक छाङ ८/क स्थित कि.नं. ३८५ को क्षेत्रफल ०-४-१-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगतपात समेत । |
| **३. ऋणीको नाम ठेगाना**<br>नाम : कौशी कुमाल भन्ने दुमा कुमारी थापा<br>ना.प्र.न. : ४२४<br>जारी मिति : २०४५/०१/२२<br>पतिको नाम : बुद्धिबल कुमाल भन्ने बुद्धिबल थापा<br>ससुराको नाम : गोपे कुमाल<br>ठेगाना : तनहुँ जिल्ला घिरिङ गाउँपालिका वार्ड नं. ४<br>**जमानतकर्ता**<br>नाम : चित्र बहादुर कुमाल<br>ना.प्र.न. :<br>जारी मिति : २०५५/०२/२४<br>बुबाको नाम : बुद्धिबल कुमाल भन्ने बुद्धिबल थापा<br>बाजेको नाम : गोपे कुमाल<br>ठेगाना : तनहुँ जिल्ला घिरिङ गाउँपालिका वार्ड नं. ४ |  | गोपे कुमालकी बुहारी बुद्धिबल कुमाल भन्ने बुद्धिबल थापा की श्रीमती गण्डकी तनहुँ जिल्ला घिरिङ सुन्धारा गाबिस वार्ड नं.१ हाल गण्डकी प्रदेश तनहुँ जिल्ला घिरिङ गाउपालिका वार्ड नं. ४ बस्ने कौशी कुमाल भन्ने दुमा कुमारी थापा को नाममा तनहुँ मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको साबिक घिरिङ १/क कि.नं. १६१ को क्षेत्रफल २-११-०-०, घिरिङ १/क कि.नं '४११ को क्षेत्रफल १-१५-३-०, घिरिङ १/क कि.नं. ४१२ को क्षेत्रफल १-८-३-० र घिरिङ ४/ग कि.नं. ९ को क्षेत्रफल २-३-३-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगतपात समेत । |
| **४. ऋणीको नाम ठेगाना**<br>नाम : बल बहादुर बंशी<br>ना.प्र.न. :१७२<br>जारी मिति :२०४३/०१/०९<br>बुबाको नाम : भक्त बहादुर बंशी<br>बाजेको नाम : तेज बहादुर बंशी<br>ठेगाना : तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ६ माझटार |  | तेज बहादुर बंशीको नाती भक्त बहादुर बंशीको छोरा गण्डकी कास्की जिल्ला सिद्ध गाबिस वार्ड नं.५ हाल गण्डकी प्रदेश तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ६ माझटार बस्ने श्री बल बहादुर बंशीको नाममा तनहुँ मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको भिमाद १/ख स्थित कि.नं. १५९७ को क्षेत्रफल ०-३-०-३ र भिमाद १/ख स्थित कि.नं.१५९९ को क्षेत्रफल ०-०-३-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगतपात समेत । |
| **५. ऋणीको नाम ठेगाना**<br>नाम : सेती सर्किनी<br>ना.प्र.न. : २७<br>जारी मिति : २०४६/०२/३२<br>पतिको नाम : सोम बहादुर<br>ससुराको नाम : ऐत बहादुर<br>ठेगाना : तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ६ बाग्टार<br>**जमानतकर्ता**<br>नाम : नन्द कुमारी थापा<br>ना.प्र.न. : ४३१०४२/१०९३९३<br>जारी मिति : २०६५/०७/०५<br>बाबुको नाम : शिवबहादुर थापा<br>ससुराको नाम : सोम बहादुर<br>ठेगाना : तनहुँ जिल्ला भिमाद नगरपालिका वार्ड नं. ६ बाग्टार | <br> | ऐत बहादुरकी बुहारी सोम बहादुरकी श्रीमती गण्डकी तनहुँ जिल्ला अरुणोदय गाबिस वार्ड नं. २ हाल गण्डकी प्रदेश तनहुँ जिल्ला भिमाद नगरपालीका वार्ड नं.६ बाग्टार बस्ने श्री सेती सर्किनीको नाममा तनहुँ मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको भिमाद १/ख स्थित कि.नं. १३८६ को क्षेत्रफल ०-४-०-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगतपात समेत। |
| **६. ऋणीको नाम ठेगाना**<br>नाम : जगन्नाथ भण्डारी/सुन्दर भण्डारी<br>ना.प्र.न. : ७१४३० र ४३३०४७/६७८<br>जारी मिति : २०६१/०१/०७ र २०६३/११/१२<br>बुबाको नाम : रेशमराज भण्डारी<br>बाजेको नाम : डोलराज भण्डारी<br>ठेगाना : तनहुँ जिल्ला घिरिङ गाउँपालिका वार्ड नं.१ |  | डोलराज भण्डारीको नाती रेशमराज भण्डारीको छोरा गण्डकी तनहुँ जिल्ला गजरकोट गाबिस वार्ड नं.६ हाल गण्डकी प्रदेश तनहुँ जिल्ला घिरिङ गाउपालीका वार्ड नं.१ बस्ने जगन्नाथ भण्डारी र सुन्दर भण्डारी को नाममा तनहुँ मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको गजरकोट ६/ख कि.नं. १८४ को क्षेत्रफल ४-०-०-०, गजरकोट ६/ख कि.नं. १९० को क्षेत्रफल ०-८-०-०, र गजरकोट ६/ख कि.नं. १९३ को क्षेत्रफल ०-८-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगतपात समेत । |



## जिउने ......

भनेपनि अन्य दाईहरूको नम्बर दिन्छु ।' उनको दुई छोरी छन् । उनले अटो चलाएरै छोरीहरूलाई पठनपाठन र घरखर्च चलाउने गर्छिन् ।

'सिलाई कटाईबाट राम्रो आम्दानी हुदैनथ्यो । २/४ रूपैयाँ चाइएपनि श्रीमानसंग माग्नुपर्दथ्यो र उहाँकै नजरमा रहेर खर्च गर्नुपर्दथ्यो', उनले भनिन्, 'अहिले अटो चलाएर आफु र नानीहरूको खर्च उठाउन सक्छु । आफ्नो आम्दानी भएपछि आफ्नै हिसावबाट नै खर्च पनि गर्न सक्छु।'

यस्तै, दमौलीका अटो व्यवसायीहरूले दमौली अटो चालक समिति गठन गरेका छन् । उक्त समिति भित्र ३२ वटा अटो र समिति बाहिरा ८ वटा अटो गरी दमौली आसपासका क्षेत्रमा ४० वटा अटो सञ्चालनमा छन् । यी चालकहरूमध्ये २ जनामात्र महिला अटो चालक छन् ।

## व्यासमा .....

सिलसिलामा विदेश गएर घरपरिवारसँग लामो समयदेखि सम्पर्कविहीन भएका उहाँले बताउनुभयो । वैदेशिक रोजगारीमा गएको नौदेखि २० वर्षसम्मका रहेका जनाइएको छ । वैदेशिक रोजगारीमा मलेसिया गएदेखि (२० वर्ष) हालसम्म ऋषिङ गाउँपालिका-७ का ओमप्रकाश परियार परिवारसँग सम्पर्कमा नआएका उहाँले बताउनुभयो ।

त्यस्तै दुवई गएको १५ वर्षदेखि व्यास नगरपालिका-४ का सुरेन्द्र खनाल, मलेसिया गएको १५ वर्षदेखि म्याग्दे गाउँपालिका-१ का कृष्णबहादुर सिजाली मगर, मलेसिया गएको ११ वर्षदेखि व्यास नगरपालिका-९ का शंकर गैरे, मलेसिया गएको ११ वर्षदेखि म्याग्दे गाउँपालिका-२ का दिलबहादुर गुरूङ, मलेसिया गएको नौ वर्षदेखि म्याग्दे-५ का बमबहादुर गुरूङ, दुबई गएको नौ वर्षदेखि म्याग्दे-२ का सुदर्शन रानाभाट, व्यास-६ का शमशेर विक र भानु नगरपालिका-२ का पदमराज दाहाल हालसम्म घरपरिवारसँग सम्पर्कमा नआएको उहाँले जानकारी दिनुभयो ।

## नयाँ........

भण्डारीसमक्ष गत मंसिर २९ गते नै बुझाइसकेको छ । यस्तै यही पुस ३ गते आयोगले समानुपातिक निर्वाचन प्रणालीमार्फत विजयी भएका सांसदलाई प्रमाणपत्र वितरण गरेको थियो ।

राष्ट्रपतिबाट सात दिनको समय दिएर नयाँ सरकार गठनका लागि आइतबार नै आह्वान भएकामा संघीय संसद सचिवालयले नवनिर्वाचित सांसदलाई पद तथा गोपनीयताको शपथ खुवाउने तयारीसमेत थालेको छ । संघीय संसदमा प्रतिनिधित्व जनाएका नयाँ राजनीतिक दललाई 'हेल्लो सरकार' रहेको स्थानमा कार्यालय उपलब्ध गराउने तयारी गरिएको छ ।

# पानीजहाज डुब्दा ३१ नौसैनिक बेपत्ता

रासस/एएफपी/बैङ्कक

थाइल्याण्डको दक्षिणपूर्वी तटमा सोमबार डुङ्गा डुब्दा कम्तीमा ३१ जना नाविक बेपत्ता भएको नौसैनिकका प्रवक्ताले बताउनुभएको छ । एचटीएमएस सुखोथाईले थाइल्याण्डको खाडीमा गस्ती गरिरहेको बेला दक्षिणी प्राचुआप खिरी खानको बाङ सफान किनारबाट करिब २० नटिकल माइल टाढा जहाजको इलेक्ट्रोनिक प्रणालीमा क्षति पुगेपछि उद्धार अभियान सुरु गरिएको थियो । नौसेनाले सार्वजनिक गरेका तस्वीरहरूमा जहाजले कडा छाल पार गर्ने क्रममा नाटकीय रूपमा एक छेउबाट डुब्न ढल्किरहेको देखाइएको छ ।

नौसेनाका प्रवक्ता एडमिरल पोग्क्रोङ मोन्ट्राडपालिनले बेपत्ता सैनिकको खोजी भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी अझै पनि हराइरहेका ३१ जनाको खोजी गरिरहेका छौं । "जहाजको 'अपरेटिङ सिस्टम'ले काम गर्न छोडेपछि जहाजले नियन्त्रण गुमाएको थियो," उहाँले सोमबार बिहान बताउनुभयो ।

जहाजमा रहेका १०६ जनामध्ये ७५ जनालाई दुई वटा हेलिकप्टर, दुई वटा फ्रिगेट र एउटा पानी जहाजको सहयोगमा उद्धार गरिएको छ ।

बिहान ७ बजेदेखि सुरु भएको खोजी तथा उद्धार कार्य जारी रहेको विज्ञप्तिमा जनाइएको छ ।करिब ११ जना नौसैनिकको बाङ सफान अस्पतालमा उपचार भइरहेको छ भने अन्य ४० जनालाई सुरक्षित आश्रयस्थलमा राखिएको छ ।

# न्यूनचापीय प्रणालीको प्रभाव : वर्षा र हिमपातको सम्भावना

रासस/काठमाडौं

भारतको विहारमा रहेको न्यूनचापीय प्रणालीको सामान्य प्रभाव नेपालमा रहेको छ ।

उक्त मौसमी प्रणालीको प्रभावले देशका पूर्वी भेगका केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले पूर्वी क्षेत्रको उच्च पहाडी भेगमा हिमपात साथै केही क्षेत्रमा हल्का वषाकोसमेत सम्भावना रहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विहारमा न्यूनचापीय प्रणालीको सानो प्रणाली देखापरेकाले देशका पूर्वी भेगमा बादल बढ्ने र हिमपात हुने सम्भावना छ, केही क्षेत्रमा हल्का वर्षाको पनि सम्भावना रहेको छ।"

विशेषगरी प्रदेश १ र बागमती प्रदेशमा बढी बदली रहने मौसमविद् अधिकारीले उल्ललेख गर्नुभयो । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहनुका साथै बाँकी भेगमा मौसम सामान्यतया सफा रहेको छ । ती प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागको एक दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । रातिका समयमा पनि सोही किसिमको मौसमी प्रणाली कायम रहने महाशाखाले जनाएको छ । राजधानी काठमाडौं उपत्यकाको आकाश बिहान सामान्य बदली रहे पनि मध्याह्नदेखि पारिलो घाम लागेको छ ।





## दिप इन्टरप्राइजेज्

आँबुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) ।
सम्पर्क : ०६५-५४०५७६/५४०४८२



**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्धारा एक्स-रे सेवा, ४) भिडियो एक्सरे सेवा वा मुटुको भिडियो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०७९ पुस ०५, मंगलबार
December 20, 2022



**पोलेको मकै :** पोखराको मणिपाल अस्पतालको गेटमा हरियो मकै पोलेर बिक्रीवितरण गर्दै एक महिला । *तस्बिर : भञ्ज्याङ*

# भित्र्याउने बेलाको वर्षाले धान उत्पादनमा कमी

**रासस**/ढोरपाटन

समयमै वर्षा हुँदा बागलुङका किसानले असार र साउन महिनामै रोपाइँ गरे । रोपाइँपछि पनि नियमित वर्षात् हुँदा खेतमा लगाएको धान सप्रियो, किसान खुसी भए । जब धान पाक्यो र भित्र्याउने बेला भयो तब बेमौसमी वर्षा भयो। लगातारको वर्षाले भित्र्याउ नै आँटेको धानमा क्षति पुगेका कारण जिल्लामा धान उत्पादनमा गिरावट आएको हो ।

मध्यपहाडी जिल्ला भए पनि यहाँ विगतमा राम्रो धान उत्पादन हुन्थ्यो । तर यस वर्ष उत्पादनमा कमी आउँदा किसान मर्कामा परेका छन् । जिल्लामा यस वर्ष पाँच प्रतिशतले धान उत्पादनमा कमी आएको हो । बागलुङ नगरपालिका–४ की स्थानीय तेजकुमारी केसी अघिल्ला वर्षमा १२ मुरी धान उत्पादन भएकामा यस वर्ष भित्र्याउने बेला परेको पानी क्षति पुऱ्याउँदा सात मुरी मात्रै स्याहारेको बताउनुहुन्छ ।

केसी भन्नुहुन्छ, "यसपाली धान निकै राम्रो भएको थियो, पोहोर परार सालकोभन्दा धेरै नै उत्पादन हुने आश थियो तर पाकेको धान स्याहार्ने बेला एक्कासी एक साता पानी पर्दा धेरै नोक्सान भयो, धान सबै खेतभरि भएको थियो, न उठाउन मिल्ने न टिप्न, हामी किसानलाई वर्षाले रूवाउनु रूवायो।"

अहिलेकोभन्दा अघिल्ला सालमा झण्डै दोब्बरले धान उत्पादन हुँदासमेत आयातित खाद्यान्न किनेर उपभोग गरेको सुनाउनुभयो । "पहिलापहिला अहिलेकोभन्दा धेरै धान फल्थ्यो र त दोकाने चामल किनेर खानुपर्थ्यो, अहिले त झन्, निकै कम उत्पादन भएको छ, बाहिरबाट आएकै चामलले वर्ष गुजार्नुपर्ने भयो", केसीले भन्नुभयो ।



तनहुँको व्यास नगरपालिका–५ सागेफाँटमा धान झाट्दै कृषकहरू । *तस्विरः भञ्ज्याङ*

स्थानीय हरिप्रसाद सापकोटाले धानबालीमा ठूलो क्षति पुगेको भन्दै अहिलेसम्म राहत पाउन नसकेको गुनासो गर्नुभयो । उहाँले बेमौसमी वर्षाका कारण यस वर्ष दोब्बरले धान उत्पादनमा कमी आएको बताउनुभयो । असोज अन्तिम साताको वर्षाले आफ्नो ५० प्रतिशत धान नोक्सान भएको गुनासो गर्नुभयो । सापकोटले भन्नुभयो, "यो वर्ष बेमौसमको वर्षाले किसानलाई धेरै दुःखी बनायो, बर्खाभरि दुःख गरेर धान लगाइयो, भित्र्याउने बेला पानीले खेतबरी बनाइयो दियो, यसपाली धान धेरै फलेको थियो, पानी बेलामाथि पर्दा सिँचाइ पनि राम्रो भएको थियो, तर काट्ने बेला हप्ता दिन झरी पर्दा नोक्सान बेहोर्नुपऱ्यो ।

कृषिज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बेमौसमी वर्षाका कारण बागलुङका किसानले समस्या भोग्नुपरेको बताउनुभयो । उहाँले यस वर्ष धान उत्पादनमा पाँच प्रतिशतभन्दा बढीले कमी आएको बताउनुभयो । अहिले पनि बागलुङ धानमा आत्मनिर्भर नरहेको भन्दै त्यसमाथि वर्षाले नोक्सानी गरेको उहाँको भनाइ छ ।

"यस वर्ष धान राम्रो हुन्छ भन्ने अनुमान हामीहरूले गरेका थियौँ, किनकी समयमै वर्षा भएको थियो, त्यसले गर्दा सिँचाइ पर्याप्त भएको थियो, अलिकति धाउन रोपाइँको क्षेत्र पनि बढेको थियो", प्रमुख भट्टराईले भन्नुभयो, "जिल्लाको सबै ठाउँमा होइन केही ठाउँमा धेरै नै क्षति पुगेको थियो।"

गत वर्ष जिल्लाभर पाँचभन्दा केही बढी हेक्टर क्षेत्रफलमा धान लगाइएकामा यस वर्ष छ हजारभन्दा बढी हेक्टर क्षेत्रफलमा रोपाइँ भएको थियो। सिँचाइ राम्रो भएपछि जिल्लामा धान उत्पादन बढ्ने आँकलन गरिएको उहाँको भनाइ छ । अघिल्लो वर्ष १८ हजार तीन सय ५४ मेट्रिकटन धान उत्पादन भएकामा यस वर्ष १८ हजार छ सय ९० मेट्रिकटन धान उत्पादन भएको भट्टराईको भनाइ छ । तुलनात्मकरूपमा केही बढेको देखिए पनि खेतीयोग्य जमिन बढ्दा उत्पादन पनि बढ्नुपर्ने हो । तर त्यसो हुन सकेन ।

बागलुङमा ४६ हजार एक सय ४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकामा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्रै खेती हुँदै आएको छ । छ हजार एक सय ४८ हेक्टर क्षेत्रफलमा मात्रै सिँचाइको सहज पहुँच पुगेको छ । त्यसमध्ये बाह्रै महिना सिञ्चित क्षेत्र दुई हजार सात सय ७५ हेक्टर रहेको छ ।

# कौडीमा ...... हुन्छन् ?

अनेकौँ किसिमका जडीबुटी उत्पादन कर्णालीका पहाडी तथा हिमाली जिल्लाबाट धेरै मात्रामा जडीबुटी निर्यात भएको देखिन्छ । प्रदेश वन निर्देशनालयको तथ्यांकअनुसार यहाँबाट निर्यात हुने ७९ प्रकारका जडीबुटीमा अत्तीस, अमलवेद, अमला, अल्लो, अल्लो धागो, अल्लोको बोक्रा, कराचुल्ठे, काकरसिङ्गे लगायतका जडीबुटी निर्यात हुँदै आएका छन् । यसैगरी काउलो (दाना/बोक्रा), कालो काठको दाना, कालो मसुली, कुट्की, कुरिलो, कुरिलोको जरा, खिरौला, गिठी ( बोक्रा), गुच्ची च्याउ, गुजर गानो, गुडमार, गुराँसको फूल, गुर्जो, गोकुलधुप, घोडताप्रे, घोडा मच्चा, चिउरी, चिराइतो, चुत्रो/चुत्रोको बोक्रा, जटामसी, टिमुर, ठटेला/ढटेलो, डालेचुक, ढडेलमेलगायतका जडीबुटी पनि निर्यात हुने गरेको छ ।

कर्णालीबाट तीगेडी, तीतेपाती, तेजपात, तेलाली काठ/फुरू (पीस), दालचिनी, धूपीपात (बोक्रा/गेडा), पदमचाल, पानी अमला, पावन बोक्रा, पाषण वेद, बज्रदन्ती, बाँस (घना), बायोजडी, बुकीफुल, बोझो/बोझोको जरा, भिर मह, भुतकेश, भृंगराज, भोजपत्र, मइन (लाहा), मजिठो, मह, यार्सागुम्बा, रातो च्याउ जस्ता जडीबुटीहरू विभिन्न देशमा निर्यात हुँदै आएको छ ।

यस्तै रिठ्ठा, लोक्ता, वन आलु, वन प्याज, वन लसुन, विष, विषजरा, विषफेज, शिलाजीत, सजिवन, सतावरी, सतुवा, सात गाठे, साधारण च्याउ, सिल्टीमुर, सुगन्धवाल, सुनपाती, सिस्नु (पात/ डाँठ/ पाउडर/ जरा), सेतकचिनी, सेतो मसुली, सोमलता, स्लेटपत्थर र हर्रोलगायतका जडीबुटी कर्णालीबाट निर्यात हुँदै आएको प्रदेश वन निर्देशनालयले जनाएको छ ।

**तालिम र अनुदानको आवश्यकता**

अझै पनि पुरातन कृषि प्रणालीमै धेरै कृषकहरू आश्रित छन् । बिहान खायो बेलुकी के खाउँ भन्ने अवस्था छ । राम्रो कृषि उत्पादन नहुने क्षेत्रमा जडीबुटी खेती विस्तार गर्ने नीति लिनु आवश्यक रहेको जडीबुटी व्यवसायीहरू बताउँछन् । कतिपय कृषकहरूले चाहेर पनि जडीबुटी खेती गर्न सकिरहेका छैनन् । जडीबुटी उद्योगी विष्टका अनुसार धेरै कृषकलाई जडीबुटीको बारेमा थाहा छैन ।

उहाँ भन्नुहुन्छ, "कसरी जडीबुटी खेती गर्ने ? कुन समयमा उत्पादन हुन्छ ? भन्ने विषयमा कृषकलाई थाहा नै छैन । भूगोल अनुसार उत्पादन हुने जडीबुटीको खेती गर्नका लागि सरकारले कृषकलाई आवश्यक तालिम दिएर दक्ष बनाउनुपर्छ । यसले जडीबुटी खेतीलाई आधुनिकीकरण गर्न सकिन्छ ।" विश्वबजारमा जडीबुटीको माग बढिरहेका बेला नेपाली कृषकले यसको उत्पादन बढाउनसके मुलुक जडीबुटीमा आत्मनिर्भर बन्न सक्नेछ । जडीबुटीको निर्यात अझै बढाउन उत्पादनमा जोड दिनुपर्ने उहाँको तर्क छ । *रासस*

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन स्वास्थ्यको लागि हानिकारक छ ।

facebook twitter



**उषा कार्की**
twitter.com/Ushakar45440973
सबैभन्दा ठूलो कुरा जन्म रहेछ, कस्तो कोख, कस्ता जन्मदाता, कुन भुगोल, कुन संस्कार भन्ने महत्वपुर्ण रहेछ । जन्म पछि मृत्यु त सामान्य प्रकृति रहेछ । जसले जीवन बुझ्छ उसलाई हरेक कुरा सामान्य लाग्छ।



**सञ्जय कार्की**
twitter.com/sanjaykoirala21
जो ब्यक्ती अरूको आवश्यक्ता भन्दा ज्यादा चियोचर्चो र पछाडि खेदो खन्दै हिँडछ त्यति बेला तपाइँ सम्झनुस कि तपाइँ सफल ब्यक्ती हो । त्यस्ता ब्यक्तिहरू कदापी आफ्नो सोच भन्दा माथी उठन सकेका हुदैनन । यस्ता ब्यक्तिहरू आशुर्य बिचारका हुन्छन जो आफू चाहेर पनि परिवर्तन हुन सक्दैनन।



**कृषा के.सी**
twitter.com/krishakc2
दुःख पीडामा साथ हुने, आफुलाई बुझ्ने मानिस मित्र हो भने आफ्नो स्वार्थमा मात्रै निकट आउने एवं सधैं तनावको कारण बनीरहने मानिस सत्रु हुन्छ चाहे नाता सम्बन्ध जेसुकै होस्रू !!



**यात्री**
twitter.com/db5921
जिन्दगीको अध्याय अनि सिकाइ बहुत मुस्किल रहेछ, जिन्दगी बुझ्न भोग्नु पर्दोरहेछ भोग्न पीडा खप्नु पर्दोरहेछ खप्न अर्थात सहन बहुत मुस्लिम रहेछ दुख बुझ्नै अनि खुसि हुन पनि जिन्दगीमा साह्रै गह्रौ रहेछ ।



**जीवन दर्शन**
twitter.com/KcJivan1
कसैलाई असहज स्थितिमा साथ देउ, हात देउ, हिम्मत देउ, आशा देउ । किनभने खराब स्थिति त केही समयमा गुज्रिएर जान्छ । तर, तिमीले दिएको साथ र हिम्मत उसको जिन्दगीभर रहन्छ ।

# नेपाल र श्रीलङ्काबीच पारस्परिक सहयोग र सहकार्यमा जोड

**रासस**/काठमाडौं

नेपाल र श्रीलङ्काबीच आपसी सहयोग र सद्भाव वृद्धि गरी द्विपक्षीय सम्बन्ध विस्तारमा ध्यान दिइनुपर्ने बताइएको छ ।

नेपाल र श्रीलङ्काबीच कूटनीतिक सम्बन्ध कायम भएको ६५औँ वर्षको उपलक्ष्यमा नेपालस्थित श्रीलङ्काली दूतावास र नेपाल विश्व सम्बन्ध परिषद्द्वारा आज यहाँ आयोजित कार्यक्रममा वक्ताहरूले पारस्परिक सहयोग र सहकार्यका आधारमा सम्बन्ध विस्तार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र असंलग्न आन्दोलनका संस्थापक राष्ट्र नेपाल र श्रीलङ्काबीच पर्यटन, कृषि, शिक्षा, स्वास्थ, व्यापार, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा सहयोग र सहकार्यको सम्भावना रहेकाले त्यसतर्फ ध्यान दिन कूटनीतिज्ञहरूले सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो।

कार्यक्रममा परराष्ट्रमन्त्री डा नारायण खड्काले धार्मिक तथा सांस्कृतिक दृष्टिले सुमधुर सम्बन्ध रहेको नेपाल र श्रीलङ्काबीचको सम्बन्धलाई आर्थिक तथा सामाजिक गतिविधिसँग जोड्दै जनताको जीवनस्तर सुधारमा ध्यान दिनुपर्ने समय आएको बताउनुभयो। नेपालको शिक्षा, स्वास्थ्य, पुनर्निमाणलगायतका क्षेत्रमा श्रीलङ्काको महत्त्वपूर्ण सहयोग रहेको चर्चा गर्दै मन्त्री डा खड्काले आउँदा दिनमा दुई देशबीचको सहयोग र सहकार्यलाई जोड दिई जनताको जीवनस्तर सुधारमा ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो ।

नेपालका लागि श्रीलङ्काली राजदूत हिमाली सुभाशिनी अरूणातिलकाले अधिकांश जनता बौद्ध धर्मावलम्बी रहेको श्रीलङ्काको बुद्धको जन्मस्थल नेपालप्रति अगाध आस्था र विश्वास रहेको चर्चा गर्दै कूटनीतिका साथ आर्थिक सम्बन्ध विस्तारमा जोड दिई दुई देशका जनता लाभान्वित हुनसक्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल विश्व सम्बन्ध परिषद्का अध्यक्ष हेमन्त खरेलले नेपाल र श्रीलङ्काबीचको सम्बन्धलाई सरकारका साथ जनस्तरमा समेत पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

पूर्वपरराष्ट्र सचिव एवं श्रीलङ्काका लागि पूर्वनेपाली राजदूत डा दुर्गाप्रसाद भट्टराईले सार्क मुलुकको सबैभन्दा सबल राष्ट्र श्रीलङ्कासँग व्यापार, जलविद्युत्, शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका क्षेत्रमा सहकार्य गर्नसकिने सम्भावना रहेको धारणा व्यक्त गर्नुभयो ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का, सल्लाहकार : विश्वबन्धु भण्डारी ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४